सङ्घीय सशर्त अनुदानतर्फ आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहमार्फत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान वितरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कार्यालयले देहायको मापदण्ड तयार गरी लागु गरेको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भः

(क) यी मापदण्डहरूको सङ्क्षिप्त नाम "प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तहमार्फत अनुदान वितरण मापदण्ड, २०८०" रहेको छ।

(ख) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

२. अनुदान प्राप्त गर्ने शिक्षालयको योग्यताः

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सम्बन्धन लिइ प्रिडिप्लोमा तह वा डिप्लोमा तहको कुनै एक कार्यक्रम सञ्चालनमा रहेको सामुदायिक विद्यालय वा गैर नाफामुलक सङ्गठित संस्था भएको।

(ख) चालु शैक्षिक सत्रमा प्रशिक्षार्थी भर्ना कम्तिमा एक कार्यक्रममा तोकिएको कोटाको कम्तिमा पचास प्रतिशत रजिष्ट्रेसन कायम भएको ।

३. अनुदान लिने प्रक्रियाः

(क) प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहमा अनुदान माग गर्ने सम्बन्धी विषयमा शिक्षालयको सञ्चालक समिति वा व्यवस्थापन समितिको निर्णय भएको हुनुपर्नेछ।

(ख) शिक्षालयको सञ्चालक समिति वा व्यवस्थापन समितिको निर्णयको आधारमा अनुदान रकम किटान गरी स्थानीय तहलाई सम्बोधन गरी अनुदान रकम माग गर्नुपर्नेछ।

४. अनुदान रकम माग गर्ने शिक्षालयले संलग्न गर्नुपर्ने कागजातः

(क) प्राविधिक शिक्षा कार्यक्रम प्रशिक्षणका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्रदान गरेको सम्बन्धन वा स्वीकृती वा अनुमति पत्रको प्रतिलिपि।

(ख) अगिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।

(ग) प्रशिक्षक, प्रशिक्षार्थी, भौतिक अवस्था, प्रयोगात्मक स्थल, शिक्षालय-औद्योगिक प्रतिष्ठान सम्बन्ध, उतीर्ण प्रशिक्षार्थीको (ग्रेजुयट्स) रोजगारीको अवस्था लगायतका विषयवस्तु खुल्नेगरी तयार गरिएको शिक्षालयको सङ्क्षिप्त विवरणसहितको प्रतिवेदन।

(घ) चालु शैक्षिक वर्षमा रजिष्ट्रेसन भएका प्रशिक्षार्थीहरूको रजिष्ट्रेसन नम्बर खुल्नेगरी विद्युतीय प्रणालीबाट जारी भएको प्रतिवेदन।

(ङ) अन्तिम परीक्षामा सामेल भएका परीक्षार्थीहरूको विवरण वा मार्क लेजर।

(च) अनुदान रकम परिचालन गरिने क्षेत्रमा रकम बाँडफाँटको विवरण।

५. अनुदान वितरणमा स्थानीय तहको दायित्वः

(क) उपदफा (१) बमोजिमको शिक्षालयको योग्यता र संलग्न कागजातहरूको जाँच गर्ने।

(ख) योग्यता पुगेका शिक्षालयहरूबाट उपदफा (३) बमोजिमको कागजात संलग्न राखी अनुदान माग गरेका शिक्षालयहरूले अनुदान रकमको सदुपयोग हुने/नहुने सुनिश्चितता गर्ने।

इ. महेश भट्टराई
नि. सदस्य सचिव

खगेन्द्र प्रसाद अधिकारी
उपाध्यक्ष
२०८०/०५/२६

(ग) उपदफा (ख) बमोजिम अनुदानको लागि उपयुक्त देखिएमा प्रति शिक्षालय रु. सात लाखका दरले हुनेगरी शिक्षालयको खातामा अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

६. <u>अनुदान रकमको उपयोगः</u>

(क) अनुदान रकमको परिचालन र लेखाङ्कन गर्ने गराउने दायित्व शिक्षालय प्रमुखको हुनेछ।

(ख) अनुदान रकम देहायका क्षेत्रमा परिचालन गर्न सकिनेछः

(१) प्रशिक्षक पारिश्रमिक,

(२) विषयगत औजार, उपकरण र दैनिक प्रशिक्षण सामग्री,

(३) प्रयोगात्मक अभ्यासको सुनिश्चितता हुने अन्य क्रियाकलाप।

७. <u>विविधः</u>

(क) यो मापदण्डको व्याख्या परिषद् कार्यालयले गर्नेछ।

(ख) अनुदान रकम परिचालन सम्बन्धी सम्बन्धित स्थानीय तह, परिषद्का प्रदेश कार्यालय र परिषद् कार्यालयले एकल वा संयुक्त रुपमा अनुगमन गर्न सक्नेछ।

(ग) अनुदान रकमको दुरुपयोग वा हिनामिना भएको पाइएमा दामकाम गर्ने कर्मचारी वा व्यक्तिबाट सरकरी बाँकी सरह असूल हुनेछ।

इ. महेश भट्टराई
नि. सदस्य सचिव

खगेन्द्र प्रसाद अधिकारी
उपाध्यक्ष
२०८०।०८।२६